# 'बैँसीतिर' कथामा सीमान्तीयता

तिलकप्रसाद लम्साल
सामाजिक शास्त्र तथा शिक्षा सङ्काय, नेपाल खुला विश्वविद्यालय

## सार

प्रस्तुत अनुसन्धानको मूल उद्देश्य 'बैँसीतिर' कथामा सीमान्तीय पक्षको खोजी गर्नु र उक्त कथालाई सीमान्तीय सिद्धान्तका आधारमा अध्ययन, विश्लेषण गर्नु रहेको छ । सीमान्तीय पक्षको पहिचान गर्ने सन्दर्भमा प्रस्तुत कथालाई वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत, सांस्कृतिक, वैचारिक पहिचान, प्रतिरोध, आवाजलगायतको कोणबाट हेर्दा उक्त कथामा सीमान्तीयताको प्रयोग कुशल ढङ्गले गरिएको छ भन्नु यस अनुसन्धानको दाबी हो । प्रस्तुत अनुसन्धान गुणात्मक विधि, उत्तरआधुनिक दर्शन र व्याख्यावादी पद्धतिमा आधारित छ । यसका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी सीमान्तीय सिद्धान्तका आधारमा विवेच्य कथाको विश्लेषण र मूल्याङ्कन गरिएको छ । निम्न वर्गीय किसान परिवारको दिनचर्यामा आधारित 'बैँसीतिर' कथामा वर्गीय, लैङ्गिक, जातीय, वैचारिक, सांस्कृतिक, उमेरगतलगायतका सीमान्तीयताहरू पाइन्छन् । कथामा आर्थिक सीमान्तीयता सघन छ भने अन्य सीमान्तीयता आर्थिक पक्षसँग आएका छन् । कथाका सीमान्त वर्ग/पात्रको प्रतिरोधी क्षमता उच्च भए पनि पहिचान बनिसकेको देखिँदैन । कथामा सीमान्त पात्रको सामर्थ्य र सम्भावना प्रचुर छ । प्रतिरोधी क्षमता तीव्र छ तर उनीहरू आवाजविहीन र निरीह देखिन्छन् । कथामा प्रभुताको उपयोग सम्भ्रान्त वर्गले गरेका छन् तर सीमान्त पात्र सदियौँदेखि प्रभुताबाट बञ्चित छन् । कथामा सीमान्त पात्र/वर्ग उपेक्षित, किनारीकृत र शोषित देखिन्छन् । लेखक पक्षधरता सीमान्त वर्गप्रति रहेको देखिन्छ भन्ने यस अनुसन्धानको निष्कर्ष रहेको छ । सीमान्तीय अध्ययनमा रुचि राख्नेहरूका लागि प्रस्तुत अनुसन्धान उपयोगी हुने देखिन्छ ।

*शब्दकुञ्जी* : आवाज, पहिचान, प्रतिरोध, प्रभुता, सीमान्तीय

## परिचय

यस शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्यकथन, अनुसन्धानको महत्त्व र औचित्य, सीमान्तीयताको सैद्धान्तिक र व्यवहारिक अध्ययन र सैद्धान्तिक अवधारणाको चर्चा गरिएको छ ।

## अध्ययनको पृष्ठभूमि

सीमान्तीय अध्ययन एक उत्तरआधुनिक चिन्तन हो । उत्तरवर्ती साहित्य सिद्धान्त तथा समालोचना पद्धतिअन्तर्गत पर्ने बहुलवादी चिन्तनसँगै सीमान्तीय अवधारणा आएको पाइन्छ । मार्क्सवादबाट सुरु भएको सीमान्तीय अध्ययन अहिले उत्तरउपनिवेशवादसँग पनि सम्बन्धित छ ।

सीमान्तीयता चिन्तकहरू ग्राम्सी, स्पिभाक, गुहालगायतले सीमान्तीयता ठोस वा स्थिर नभई यो देश, कालसापेक्ष हुन्छ भन्दै सीमान्तीयताका आर्थिक, राजनीतिक, सामाजिक सांस्कृतिकलगायतका स्वरूप हुने धारणा राखेको पाइन्छ । विद्वान्हरूका अनुसार सबाल्टर्नहरू निमुखा, निम्न स्तरका र आवाजविहीनहरू हुन् । यिनीहरू श्रमजीवी वर्गका हुन्छन् र यिनीहरू सधैँ अरूका लागि बाँच्छन् । यिनीहरूसँग सामर्थ्य र सम्भावना हुँदाहुँदै पनि सधैँ पराश्रित नै हुन्छन् । यिनीहरू बोल्दैनन्, यिनीहरूलाई बोल्न लगाउनु पर्छ भन्ने मान्यता राखेको पाइन्छ । सीमान्तवादी लेखकले सबाल्टर्नका आवाजलाई उठाउँछन् । साहित्यका माध्यमबाट उत्पीडनका विरुद्ध उठ्न सङ्गठित हुन सहयोग पुऱ्याउँछन् भन्ने मान्यता सीमान्तीय अध्ययनमा पाइन्छ । त्यसै गरी समाजमा शोषण, जाति, धर्म, रङ्ग, लिङ्ग, अर्थ आदिका आधारमा हुने गर्छ र शोषकका विरुद्धमा शोषितहरूका विरोधले परम्परागत मान्यतालाई भत्काएर नयाँ निर्माणका लागि आन्दोलन गर्छ र यो नवचेतनाको झिल्काले केन्द्र भङ्ग गर्नतिर आवाज उठाउँछ (त्रिपाठी, २०६७, पृ. १३३) । यसै सन्दर्भमा पाँच दशकको कथायात्रा पूरा गरेका उत्तमकृष्ण मजगैयाँ (२००९) को सीमान्तीय विषयवस्तुमा आधारित बैंसीतिर (२०५९) कथासङ्ग्रह प्रकाशित हुन्छ । उक्त कथासङ्ग्रहभित्रको 'बैंसीतिर' कथा प्रज्ञा आधुनिक नेपाली कथा भाग ४ मा पनि सङ्कलित छ (मजगैयाँ, २०७३) । उनको 'बैंसीतिर' कथामा बहुलवादी चिन्तन पाइन्छ । अतः प्रस्तुत अनुसन्धानमा 'बैंसीतिर' कथामा सीमान्तीय पक्षको खोजी गर्दा कथालाई सीमान्तीय अध्ययन क्षेत्र/सिद्धान्तका आधारमा विश्लेषण तथा मूल्याङ्कन गर्ने र कथामा प्रयुक्त पात्र/वर्गको पहिचान, स्थान, प्रतिनिधित्व, प्रभुत्व र आवाजको सीमान्तीय कोणबाट निरूपण गर्ने प्रयास गरिएको छ । यस सन्दर्भमा सीमान्तीय अध्ययनसम्बन्धी पूर्वकार्यको समीक्षा गरी ज्ञानको रिक्तताका आधारमा अनुसन्धान कार्य गरिएको छ । यस अध्ययनमा पूर्व अध्येतासँग आवश्यक संवाद गर्दै तर्क र साक्ष्यका आधारमा प्राज्ञिक जिज्ञासा र दाबीको पुष्टि गरिएको छ ।

## समस्याकथन

'बैंसीतिर' कथामा सीमान्तीयता पाइन्छ तर पूर्वअध्यायनहरूमा सीमान्तीय अध्ययनका आधारमा उक्त कथाको निरूपण भएको पाइँदैन । अतः उक्त कथामा चित्रित सीमान्तीयताको

अवस्थालाई यस अध्ययनमा समस्या मानिएको छ । त्यसैले उक्त कथालाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ भन्ने प्रस्तुत अनुसन्धानको दाबी हो । सीमान्तीयताको विषयवस्तु (वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत (बाल-वृद्ध), सांस्कृतिक र वैचारिक) का दृष्टिले 'बैँसीतिर' कथामा प्रयुक्त सीमान्तीयता र सीमान्तीय पात्रको अवस्था (स्थान, प्रभुत्व, प्रतिरोध र आवाज) र चारित्रिक अभिलक्षणका बारेमा खोजी हुनु आवश्यक रहेको देखिएको हुँदा प्रस्तुत अनुसन्धान गर्नुपरेको हो । उपर्युक्त समस्या समाधान गर्न प्रस्तुत अनुसन्धानका लागि निम्नलिखित अनुसन्धान प्रश्न निर्धारण गरिएको छ :

(क) 'बैँसीतिर' कथामा प्रयुक्त (वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत (बाल-वृद्ध), सांस्कृतिक र वैचारिक) सीमान्तीयतालाई कसरी प्रयोग गरिएको छ ?

(ख) 'बैँसीतिर' कथामा प्रयुक्त सीमान्त वर्ग/पात्रको स्थान, प्रभुत्व, प्रतिरोध र आवाजको स्थिति के कस्तो छ ?

## उद्देश्यकथन

प्रस्तुत अनुसन्धानका उद्देश्यहरूलाई निम्नानुसार रहेका छन् :

(क) 'बैँसीतिर' कथामा प्रयुक्त (वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत (बाल-वृद्ध), सांस्कृतिक र वैचारिक) सीमान्तीय पक्षको विश्लेषण तथा मूल्याङ्कन गर्नु,

(ख) 'बैँसीतिर' कथामा प्रयुक्त सीमान्त पात्र/वर्गको पहिचान, स्थान, प्रतिनिधित्व, प्रभुत्व र आवाजको स्थिति पहिल्याउनु ।

## अनुसन्धानको महत्त्व र औचित्य

विवेच्य कथामा सीमान्तीकृत पात्रको उपस्थिति, सीमान्तीकृत वर्ग/पात्रको प्रतिनिधित्व, आवाज र पहिचानको अवस्था, सम्भ्रान्त वर्गले अधीनस्थ वर्गमाथि गरेको हैकम वा प्रभुता (हेजेमोनी) लगायत पक्षको खोजी गरिएको हुँदा प्रस्तुत अनुसन्धानको महत्त्व रहेको देखिन्छ । त्यसै गरी यसपूर्वका अनुसन्धानहरू धेरैजसो सैद्धान्तिक प्रकृतिका र अन्य विधा/कृतिमा आधारित भई गरिएकाले 'बैँसीतिर' कथाको सीमान्तीयता अध्ययन नभएको सन्दर्भमा प्रस्तुत अनुसन्धानको औचित्य रहेको पुष्टि हुन्छ ।

## सीमान्तीयताको सैद्धान्तिक र व्यावहारिक अध्ययन

सीमान्तीयताको अध्ययनसम्बन्धी केही पूर्वकार्यहरू भएका पाइन्छन् । यस सन्दर्भमा श्रेष्ठ (२०६८) ले *शक्ति, स्रष्टा र सबाल्टर्न* शीर्षकको पुस्तकमा सबाल्टर्न अध्ययनको इतिहास र यसको

वर्तमान प्रयोगका विषयमा विस्तृत चर्चा गरेका छन् । त्यसै गरी शर्मा (२०७०) द्वारा *अवरजन अध्ययन र साहित्य* शीर्षकमा आधारित भएर गरिएको अध्ययनमा अवरजनको अर्थ र परिभाषा, अवरजनको ऐतिहासिक सन्दर्भ, अवरजन अध्ययनको साहित्यमा प्रयोगलगायत पक्षको उल्लेख पाइन्छ । त्यस्तै बराल (२०७३) द्वारा लेखिएको *मार्क्सवाद र सबाल्टर्न अध्ययन* पुस्तकमा मार्क्सवादी कोणबाट सीमान्तीय अध्ययन गरिएको छ । सुब्बा (सेप्टेम्बर २०११) र आचार्य (२०७३) का लेखमा पनि सबाल्टर्नको चर्चा गरिएको छ । त्यसै गरी त्रिपाठी (२०६७), पाण्डेय (२०७३), ज्ञवाली (२०७५), शर्मा (२०७६) ले गुणात्मक अनुसन्धानमा आधारित भई सीमान्तीय सिद्धान्त र विश्लेषणका आधारमा कृति/रचनाको विमर्श गरेको पाइन्छ । उपर्युक्त पूर्वकार्यहरू सीमान्तीय सिद्धान्त (चिन्तन) को सैद्धान्तिक पक्ष र विभिन्न कृतिको सापेक्षतामा समीक्षा गरिएको पाइए पनि अध्ययनको उद्देश्य, अध्ययन विधि तथा प्रक्रिया र अध्ययनलाई प्रायोगिक बनाउने कार्यमा भने उक्त अध्ययनहरूमा कमी रहेको देखिन्छ । त्यसमा पनि 'बैँसीतिर' कथाको सीमान्तीय अध्ययनका तहसम्म उपर्युक्त अध्ययनहरू पुग्न सकेका देखिँदैनन् । यही ज्ञानको रिक्तता पूरा गर्ने उद्देश्य प्रस्तुत अनुसन्धानले लिएको छ । उपर्युक्त अध्ययनहरूले प्रस्तुत अनुसन्धानको सैद्धान्तिक र प्रायोगिक कार्य गर्न दिशानिर्देश भने गरेका छन् ।

## सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणा सीमान्तीय सिद्धान्त हो । 'सीमान्तीय' शब्दलाई अङ्ग्रेजीमा 'सबाल्टर्न' भनिन्छ । सबाल्टर्नको अर्थ राज्यभित्रको पिछडिएको वर्ग, तल पारिएका र अधीनस्थ वा आवाजविहीन वर्ग तथा राज्यको शक्तिसम्म पहुँच नहुने व्यक्ति वा समुदाय भन्ने हुन्छ । श्रेष्ठ (२०६८) का अनुसार सबाल्टर्न पदावलीले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्गलाई बुझाउँछ (पृ. १७) । सीमान्तीय शब्दलाई मोहनराज शर्माले 'अवरजन' भनेका छन् । उनले श्रेष्ठ नभएको वा तल्लो मानिसका रूपमा अवरजन अर्थात् सबाल्टर्नलाई लिँदै *सलिजो* र *पल्ली* उपन्यासमा तिरस्कृत पात्र 'भुइँमान्छे' शब्दको प्रयोग गरेका छन् (शर्मा, २०७०, पृ. ३१४) । यसरी राज्यको मूल धारभन्दा बाहिर रहेको वर्ग/समूह/व्यक्तिका दिनचर्यालाई विषय बनाएर लेखिएका साहित्य सीमान्तीय साहित्य हुन् र त्यस्ता साहित्यमा सीमान्तीयताको खोजी गर्ने कार्य सीमान्तीय समालोचनामा गरिन्छ ।

सीमान्तीय/अवरजन/सबाल्टर्नसम्बन्धी चर्चाको उठान मार्क्स, लुकाच आदिले गरे तापनि सबाल्टर्नका उन्नायक, विस्तारक र विचारक इटालेली नवमार्क्सवादी एन्टोनियो ग्राम्सी (१८८१-१९३७) हुन् । उनले प्रभुता वा प्रभुत्व (हेजेमोनी) का सन्दर्भबाट सबाल्टर्नलाई हेरेका छन् (शर्मा,

२०७०, पृ. ३१६) । ग्राम्सीपछि अल्थुसर, डेरिडा, फुको, गुहा, स्पिभाक लगायत सबाल्टर्न अध्ययन समूह (सन् १९८२), सीमान्त विकास मञ्च (सन् २००५) आदि संस्थाको प्रयासबाट सीमान्तीय अध्ययनले सिद्धान्तका रूपमा उचाइ लिएको पाइन्छ । पाश्चात्य समालोचनामा देखिएको उत्तरआधुनिकतावाद र त्यसभित्रको बहुलवादी चिन्तनसँगै सीमान्तीय अवधारणाको विकास भएको पाइन्छ । यो उत्तरवर्ती समालोचनामा देखिएको बहुलवादी चिन्तनको एक नवीन प्रवृत्ति हो । हाल यो सिद्धान्त उत्तरउपनिवेशवाद तथा सांस्कृतिक अध्ययनसँग सम्बन्धित देखिन्छ ।

## अनुसन्धान विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको र बहुसत्यमा आधारित छ । अनुसन्धानको दर्शन उत्तरआधुनिकतावादी र पद्धति व्याख्यावादी छ । सीमान्तीय अध्ययनमा आधारित प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्यलाई ज्ञानको स्रोतका रूपमा लिइएको छ । यस्तै, अनुसन्धानबाट प्राप्त विषयगत निष्कर्षलाई मूल्यका रूपमा लिइएको छ । पुस्तकालयीय कार्यमा आधारित भई गरिएको यस लेखमा 'बैँसीतिर' कथालाई प्राथमिक स्रोत र सीमान्तीय अध्ययनसँग सम्बन्धित प्रकाशित पुस्तक, जर्नल, पत्रपत्रिकाहरूलाई द्वितीयक स्रोतका रूपमा ग्रहण गरी उक्त स्रोतबाट तथ्य सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनको क्षेत्र कथा विधा रहेको छ । सोद्देश्यमूलक नमुना छनोट विधिका आधारमा 'बैँसीतिर' कथालाई विवेच्य कृतिका रूपमा छनोट गरिएको छ । विश्लेषण विधि निगमनात्मक रहेको छ । अनुसन्धानमा पूर्व अध्येतासँग आवश्यक संवाद गर्दै तर्क र साक्ष्यका आधारमा प्राज्ञिक जिज्ञासाको समाधान गरिएको छ । अरूका भनाइलाई उद्धरण गर्दा एपिए सातौँ संस्करणअनुसारको गुणात्मक अनुसन्धान शैलीलाई अवलम्बन गरिएको छ ।

### अनुसन्धानको सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानको सैद्धान्तिक आधार सीमान्तीयता हो । यस सिद्धान्तको मान्यताअनुसार 'बैँसीतिर' कथाको विश्लेषण र मूल्याङ्कन गर्दा सीमान्तीय पात्र/वर्गको वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत (बाल-वृद्ध), सांस्कृतिक र वैचारिक पक्षको आधार लिनुका साथै सीमान्त पात्र/वर्गको पहिचान, स्थान, प्रतिनिधित्व, प्रभुत्व र आवाजको स्थिति पहिल्याइएको छ ।

### परिसीमा

'बैँसीतिर' कथामा प्रयुक्त सीमान्तीयताको अध्ययन गर्ने सन्दर्भमा सीमान्तीय विश्लेषणका विभिन्न आधारमध्ये वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत सांस्कृतिक र वैचारिक पक्षको मात्र विश्लेषण गरिएको छ । यसअन्तर्गत शैक्षिकलगातका अन्य पक्षको विश्लेषण गरिएको छैन ।

यसै गरी कथालाई सीमान्तीय अध्ययनको तह (पहिचान प्रतिनिधित्व र आवाज) को खोजी गरिएको छ भने अधीनस्थ पात्रको स्वाधीनता, सम्भावना र सामर्थ्यको खोजी नगरिनु नै यस अनुसन्धानको परिसिमा हो ।

## नतिजा र छलफल

समकालीन समालोचनामा देखिएको उत्तरआधुनकितावाद र त्यसभित्रको सीमान्तीय चिन्तन/प्रवृत्तिले किनारामा रहेका, दबिएका र हेपिएका तल्लो वर्गका आवाजविहीनहरूका आवाजको खोजी गर्छ र तिनलाई प्रकाशमा ल्याउँछ । यसै आधारमा प्रस्तुत अनुसन्धानमा 'बैंसीतिर' कथामा विधान गरिएको सीमान्तीयतालाई निम्नानुसारका थिमका आधारमा विश्लेषण गरिएको छ :

### 'बैंसीतिर' कथामा सीमान्तीय पक्ष

सीमान्तीय विषय समेटिएको 'बैंसीतिर' कथामा वर्गीय द्वन्द्व सशक्त रूपमा देखिन्छ । कथामा जङ्गबहादुर साहु, साहुको छोरो लालबहादुर, सहरिया ठिटाहरू, गाउँका भलादमी, चौकीका ठानेदार सम्भ्रान्त/शासक वर्गका रूपमा देखिएका छन् भने हर्के घर्ती, हर्केकी पत्नी र हर्केका छोराछोरी अधीनस्थ/सीमान्तीकृत वर्ग/पात्रका रूपमा आएका छन् । उच्च वर्ग भनाउँदाहरूको प्रभुता ( हेजेमोनी) का कारण तल्लो वर्ग/सीमान्त वर्ग कसरी आफ्नो थातथलो छोडेर बैंसी/मुगलान/विदेश पस्न बाध्य हुन्छ भन्ने यथार्थतालाई कथाले उजागर गरेको छ । व्याज तिर्ने गरी जङ्गबहादुर साहुको जग्गा कमाएर सरकारी जग्गा बिराई घर/छाप्रो बनाएर सुन्तला, तरकारी खेती गरी चार जनाको परिवारको सास राख्दै आएको हर्के घर्तीले फलाएका सुन्तला जङ्गबहादुर साहुको छोरो लालबहादुरले सहरिया पाँच छ जना ठिटाहरू ल्याई टिपाएपछि सुन्तला बेचेर व्यवहार मिलाउने र घरको गर्जो टार्ने योजना बनाएका हर्केका परिवारमा क्रोधको आगो बल्छ । यसै घटनाले चरम रूप लिँदा हर्केको परिवार बैंसी सर्न बाध्य हुन्छ । घरका परिवारले नखाई नखाई जोगाएर राखेका सुन्तला ठुला ठुला जति टिपेर पाँच छ वटा झोला भरेको देखेपछि हर्केको परिवार र लालबहादुरसहित सहरिया ठिटाहरूका बिच भएको भनाभन र लालबहादुरले रिसका झोकमा सुन्तलाका बोटमा लाठीले हानी सुन्तलाका हाँगा भाँचेर सुन्तला बिस्कुन् सुकाएझैँ भुइँमा झरेपछि हर्केका परिवारले लालेलगायतलाई गाली त गर्छन् तर आफू कमजोर आसामी भएका कारण चाहेर पनि धेरै बोल्न दिँदैन, बरु चुपचाप उभिएर आफ्नो परिवारका सपनाहरू चकनाचुर भएको हेरिरहन बाध्य हुन्छन् ( मजगैयाँ, २०७३, पृ. ३७) । यसै घटनाका कारण भोलिपल्ट बिहान हर्के घर्तीलाई जङ्गबहादुर साहुको आँगनमा नाङ्गै पाता कसेर चिसो भुइँमा लडाइन्छ । हर्केले आफ्ना कुरा राख्दा उसलाई

आसामीको आरोपमा झन् कमजोर बनाइन्छ र गल्ती उसैको देखाइन्छ । परार साल हर्केको बाबु मर्दा कार्जे गर्न जङ्गेबाट एक हजार ऋण लिएकोमा दुई तीन वर्षमा दस हजार पुऱ्याइन्छ । यति धेरै रकम मैले लगेकै होइन कसरी भयो भनी प्रतिप्रश्न गर्दा नियम र कानुन नमान्ने, ऋण नतिर्ने साहुमाराको आरोप लगाई प्रहरी लगाएर हर्केको नाङ्गो पिठ्युँमाथि डन्डा बर्साइन्छ । हर्केले बेला बेलामा ब्याज पनि बुझाएकै हुन्छ र धार्नी पन्धेकको खसी पनि दिएकै हुन्छ (मजगैयाँ, २०७३, पृ. ३८) । मञ्चमा बसेका ठानेदार, भलादमी पनि जङ्गे साहुकै पक्ष लिन्छन् । हर्केकी छोरीलाई काममा पठाउने र साहुकोमा बस्ने साथै दस हजार रुपियाँ एक वर्षभित्रमा हर्केले तिर्नुपर्ने सर्तमा हर्केलाई छोडिन्छ । सम्भ्रान्त वर्गका यी अमानवीय र क्रूर व्यवहारबाट मुक्त हुन आफ्नो घरमा आगो लगाई सुन्तलाका बोट काटेर रातमा नै आफ्ना झिटीझाम्टा बोकी हर्केको परिवार बैँसी सर्न बाध्य हुन्छ ।

समाजमा वर्गीय द्वन्द्व आदि कालदेखि चल्दै आएको सन्दर्भमा कथामा पनि यस प्रकारको व्यवहार प्रष्ट देखिन्छ । प्रभुता (शक्ति) आफ्नो हातमा लिएर कमजोर वर्गमाथि शासन गर्ने, कमजोर वर्गलाई माध्यम बनाउने र आफ्नो स्वार्थ पूरा गर्ने काम सम्भ्रान्त वर्गले गरेको देखिन्छ । परिश्रमको मूल्य नबुझ्ने र मानिसलाई पशुतुल्य व्यवहार गर्ने अमानवीय स्वभावले नै समाजमा वर्गीय विभेद सिर्जना भई द्वन्द्व भएको पाइन्छ । राजनीतिक समाज (न्यायालय, सेना) र नागरिक समाज (चर्च, शिक्षालय आदि) लाई आफ्नो प्रभुता (हेजेमोनी) भित्र राखी आवाजविहीन वर्गप्रति सम्भ्रान्त वर्गले शासन गर्छ (शर्मा, २०७०, पृ. ३१६) भन्ने ग्राम्सीको मान्यता कथाका विभिन्न घटनाहरूबाट सिद्ध भएको छ । कथामा वर्गीय, शैक्षिक, लैङ्गिक तथा जातीय र सांस्कृतिक सीमान्तीयताका विविध रूप भेटिन्छन् । 'कालो अक्षर भैँसी बराबर' देख्ने हर्केलाई झुक्याएर एक हजारको ऋण दस हजार पुऱ्याउनु (मजगैयाँ, २०७३, पृ. ९८), घर्ती जाति भनेर पशुतुल्य व्यवहार गर्नु र गरिब भनेर सहयोग गर्ने बहानामा हर्केकी छोरीलाई बस्ने गरी साहुले काम गर्न पठाउन लगाउनु जातीय र लैङ्गिक सीमान्तीयताका ज्वलन्त उदाहरण हुन् । कथामा सीमान्तीकृत वर्गका आवाज र प्रतिरोधी भावना सशक्त देखिन्छ, तर यी आवाज सम्बन्धित पक्षले सुन्दैन । सीमान्तीकृतहरू स्वाधीन, शिक्षित र अधिकार सम्पन्न बन्ने अवस्था कथामा तत्काल देखिँदैन । उच्च वर्गको दमन, शोषण र अत्याचार चरम रूपमा देखिन्छ । सीमान्ती प्रवृत्तिका कारण लेखकको समर्थन सीमान्त वर्गप्रति रहेको छ; जसको प्रमाण कथाका प्रसङ्गले पुष्टि गर्छ । तसर्थ प्रस्तुत कथामा जतातते सीमान्तीय पक्षका साक्ष्यहरू पाउन सकिन्छ ।

**'बैँसीतिर' कथामा प्रयुक्त सीमान्तीयता**

यस शीर्षकअन्तर्गत वर्गीय/आर्थिक, लैङ्गिक, जातिगत, उमेरगत (बाल-वृद्ध), सांस्कृतिक, वैचारिक सीमान्तीयता को विश्लेषण र मूल्याङ्कन निम्नानुसार गरिएको छ :

***वर्गीय/आर्थिक सीमान्तीयता***

'बैँसीतिर' आर्थिक दृष्टिले पूर्ण सीमान्तीय कथा हो । कथामा हर्के घर्ती, उसकी पत्नी, छोरा र छोरी उत्पीडित वर्गमा पर्दछन् । आर्थिक अवस्था कमजोर भएकै कारण जङ्गबहादुर साहु, उसको छोरो तथा गाउँका भलाद्मी र चौकीका ठानेदारहरूले समेत हर्केको परिवारलाई चरम शोषण गर्छन् । साहुको जग्गा कमाएकै बहानामा हर्के घर्तीसँग बर्सेनि ब्याज, बाखा, पाठा लिन र सित्तैमा छोरीलाई काममा लगाउने कार्य जङ्गबहादुर साहुले गर्छ । आफू कथित सम्पन्न भएकै बहानामा हर्के घर्तीले जोगाएर राखेका सुन्तला सहरिया पाँच छ जना ठिटाहरू लगाएर टिप्दै, फाल्दै गर्दा हर्के घर्तीलाई असह्य हुन्छ । न्याय माग्न जाँदा उल्टै हर्के घर्तीलाई साहुमाराको आरोप लाग्छ (मजगैयाँ, २०७३, पृ. ४०) । यसबाट कथामा निम्न वर्गका पात्रहरू सीमान्तीकृत भई कष्टपूर्ण जीवन व्यतित गर्नुपरेको यथार्थतालाई कथामा उजागर गरिएको छ । घरबारीमा लगाइएका सुन्तला बेचेर बुढाको साहुको व्याज तिर्ने एवम् बुढीलाई देशी बङ्गुरको पाठो, छोरीलाई मखमली चौबन्दी चोलो तथा छोराका लागि स्कुले ब्याग किनिदिने इच्छा सम्भ्रान्त वर्गकै कैरनका कारण पूरा नभएको दृष्टान्तले सीमान्तीकृतका पीडालाई थप चर्काएको छ । अतः प्रस्तुत कथामा वर्गीय/आर्थिक सीमान्तीयताको उत्कृष्ट नमुना बन्न गएको छ ।

***लैङ्गिक सीमान्तीयता***

लैङ्गिक अध्ययन साहित्य समालोचनाको नवीन अवधारणा हो । यसको विषय समकालीन समाजका पुरुष, महिला, तेस्रो लिङ्गी, राज्यको लैङ्गिक नीति, पितृसत्ता, समलैङ्गिकता, विषम लैङ्गिकता आदि पर्दछन् । यसका अतिरिक्त लैङ्गिक विभेद शरीर राजनीति जस्ता राजनीतिक विशेष पनि लैङ्गिक अध्ययनभित्र समेटिन्छन् (भट्टराई, २०६८, पृ. २६१) । समाजमा महिला र पुरुषको अवस्था, लैङ्गिक विभेदका कारणलगायत पक्षको अध्ययन साहित्यिक कृतिका माध्यमबाट गरिन्छ । हाम्रो समाज परम्परादेखि पितृसत्तात्मक भएका कारण साहित्य, दर्शन, पुराण आदिमा पुरुषलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार दिइयो भने महिलाहरू यस्ता भूमिकाबाट वञ्चित भए तर अहिले भने नारी पुरुषमा प्रायः समानता भनिए पनि व्यवहारमा सोअनुकूल कार्यान्वयन हुन सकेको देखिँदैन । वर्गीय दृष्टिले कमजोर महिला लैङ्गिक दृष्टिले पनि

विभेदित भएका कयौँ दृष्टान्त भेटिन्छन् । एकातर्फ नारीलाई देवी र सरस्वतीको उपमा दिएर छोरी, आमा, पत्नी आदिका तहमा सीमित गरेर मानवीय मूल्यका हकमा दोस्रो दर्जाको व्यवहार गरियो भने अर्कातर्फ कोमलताका कारण नारी सबै कुरा सहँदै जाने र अत्यन्त नाजुक परिस्थितिमा बाँच्ने निरीह पात्रका रूपमा परिणत भए । पछिल्लो समय नारी मुक्तिका लागि विद्रोही चेतना त सुरु भयो तर पनि लैङ्गिक विभेदका गहिरा असरहरूले सीमान्तीकृतका अवशेषहरू जरैदेखि फालिन सकेनन् ( त्रिपाठी, २०६७, पृ. १३७) । यसै सन्दर्भबाट हेर्दा 'बैंसीतिर' कथामा हर्के घर्ती, उसकी पत्नी, छोरी र छोरा गरी सपरिवार सीमान्तीकृत बनेका छन् । लैङ्गिक रूपमा पुरुष र महिला दुवै वर्ग शोषित छन् तर पनि तुलनात्मक रूपमा महिला वर्ग बढी पीडित र सीमान्तीकृत बनेका छन् । हर्के घर्तीको परिवारमा आर्थिक विपन्नताबाट केही राहत पाउन हर्केकी बुढीले बारीका सुन्तला बेचेर साहुको व्याज तिरेपछि उभ्रेको पैसाले बङ्गुरको पाठो हाल्ने विचार गरेकी छ । ठुली छोरीले मखमली चौबन्दी चोलो र सानी छोरीले फूलबुट्टा रातो जम्फर लगाउने इच्छा गरेकी छ । तर उनीहरूका यी इच्छा जङ्गबहादुर साहु र उसको छोराको प्रभुताका कारण चकनाचुर हुन्छन् । घरमा पाकेको मिठो, मसिनो, बाखा, पाठा पनि साहुलाई दिनुपर्ने बाध्यतामा परेकी छ- हर्केकी बुढी । सुन्तला लुटिएको घटनामा न्याय माग्न जाँदा हर्के घर्तीलाई जङ्गबहादुर साहुको आँगनमा नाङ्गै पाता कसेर चिसो भुइँमा लडाउँदा उसकी स्वास्नी छेउमै बसेर रोएको घटना कम समवेदनशील छैन (मजगैयाँ, २०७३, पृ. ४०)। यसै गरी 'हर्केकी छोरीलाई सित्तैमा काम गर्न पठाउने र त्यो पनि साहुकै घरमा बस्ने गरी' भन्ने जङ्गबहादुर साहुको प्रस्तावले पनि छोरी चेलीप्रति हाम्रा ठुलाबडाको दूषित दृष्टिकोण स्पष्ट हुन्छ । यसबाट लैङ्गिक विभेद देखिन्छ । कथामा पुरुष हर्के घर्तीका भावनासँगै उसकी स्वास्नी र छोरीहरूका भावना एकीकृत र गतिशील भएर आएका हुँदा प्रस्तुत कथामा लैङ्गिक सीमान्तीयता प्रस्ट देखिन्छ ।

### *जातिगत सीमान्तीयता*

परम्परागत सामाजिक सांस्कृतिक संरचनाका रूपमा रहेको जाति विशेषका कारण पनि कुनै वर्ग/व्यक्ति उपेक्षित/तिरस्कृत/अपहेलित/सीमान्तीकृत भएको पाइन्छ । कतिपय जातिले आफूलाई सम्पन्न र ठुलो जाति ठान्ने र अरूलाई कथित सानो र विपन्न वर्ग/जाति ठान्ने मनोविज्ञान र सांस्कृतिकताका कारण पनि जातिगत विभद देखिएको छ । वर्गीय आधारमा अपहेलित व्यक्ति/वर्ग जातिगत आधारमा पनि शोषित छ । अतः सीमान्तीयता पहिचानको एउटा आधार जातिगत पनि हो ।

'बँसीतिर' कथामा हर्के घर्ती र उसको परिवारलाई जातीय दृष्टिले विभेद गरिएको छ । हर्के घर्ती र उसको परिवार आर्थिक र जातीय दुवै दृष्टिले सीमान्तीकृत छन् । कथित माथिल्लो जात मानिने जङ्गबहादुर साहु र उसको छोरो लालबहादुरले हर्के घर्तीलाई खेत कमाउने हलिया मात्र राखेका छैनन्, हर्के घर्तीका परिवारले उब्जाएको खेती र हुर्काएका बाखा पाठासमेत व्याज र स्याजका बहानामा आफूले कब्जा गर्दै आएका छन् । साहु परिवारले हर्के घर्तीकी ठुली छोरीप्रति कुदृष्टि लगाउँदै साहुकोमा बस्ने गरी सित्तैमा काम गर्न पठाउने प्रस्ताव राखेका छन् । आसामीका नाममा हर्केलाई तनाव र यातना दिएका छन् । हर्केले लिएको एक हजारको ऋणलाई साहुले दुई तीन वर्षमै बढाएर दस हजार पुऱ्याएको छ (मजगैयाँ, २०७३, पृ. ३८) । हर्केको पिठ्युँ, हात, पाखुरा, तिघ्रा र पिँडौलाभरि नीलडाम हुने गरी पिटिएको छ । अड्डाका ठानेदार साब पनि जङ्गबहादुर साहुकै पक्ष लिएर सोझा घर्ती परिवारलाई उठिबास बनाएका छन् । अतः कथामा कथित उच्च जाति भनाउँदाहरूले प्रभुता (हेजेमोनी) आफ्नो हातमा लिएर जातीयताका आधारमा घर्ती परिवारलाई सीमान्तीकृत बनाएका छन् ।

### *उमेरगत (बाल-वृद्ध) सीमान्तीयता*

उमेरगत सीमान्तीयताभित्र बाल, वृद्ध, अशक्तलगायत सीमान्तीयता पर्दछन् । यस्ता पात्रहरू आर्थिक दुरावस्था र राज्यको उपेक्षाका मारमा परेका हुन्छन् । 'बँसीतिर' कथामा बाल पात्रका रूपमा हर्के घर्तीका छोराछोरी छन् । आर्थिक अभावका कारण हर्के घर्तीकी ठुली छोरीको मखमली चौबन्दी चोलो र पानपाते फुली, सानी छोरीको कालीको जस्तै फूल बुट्टा भएको रातो जम्फर तथा छोराको पछाडि डोकोझैँ भिर्न मिल्ने स्कुले व्यागको इच्छा पूरा हुन पाएका छैनन् । यस वर्ष बारीका सुन्तला बेचेर यस्ता इच्छा पूरा गर्ने भनिए पनि जङ्गबहादुर साहुको छोरो लालबहादुर र सहरिया पाँच छ जना ठिटाहरूले टिपेर सखाप पारिदिएपछि बाल इच्छा चकनाचुर भएको छ । बाबु हर्के घर्तीले लिएको एक हजार ऋणको दुई तीन वर्षमै दस हजार पुऱ्याएपछि त्यसको साँवा व्याज तिर्ने म्याद एक वर्षको तोकिन्छ । त्यस अवधिसम्ममा हर्केकी ठुली छोरीलाई सबै ऋण चुक्ता नगर्दासम्म साहुको घरमा बस्ने गरी काममा पठाउने जङ्गबहादुर साहुको सर्तले पनि बाल पात्र हर्केकी छोरीमा तनाव पर्छ र परिवारमा सन्नाटा छाउँछ । यसै गरी जङ्गबहादुर साहुको प्रभुताबाट बच्नका लागि हर्के घर्तीका परिवार रातमा नै आफ्ना भाँडाकुँडा बोकी 'बँसीतिर' झर्ने घटनाले पनि हर्केका छोराछोरमा नैरास्यता र अनिश्चितता देखिन्छ । यसबाट कथामा बाल सीमान्तीयता (मजगैयाँ, २०७३, पृ. ४०) स्पष्ट देखिन्छ । अर्कोतिर कथाको बाल पात्र हर्केको दस बर्से छोरामा प्रतिरोधको भावना पनि देखिन्छ । उसले जङ्गबहादुरको घरबारी छोड्ने बेलामा सुन्तलाका तीनवटै बोट

फेर्दैदेखि काटेर ढालिदिन्छ भने हर्केले आफू बस्दै आएको घरको खरको छानोमा आगो लगाई जङ्गबहादुरको व्यवहारप्रति साटो फेर्छ र आत्मसन्तुष्टि लिन्छ । यसर्थ कथाका बाल पात्रलगायत सीमान्तीय पात्रहरूमा प्रतिनिधित्व र प्रतिरोधको भावना तीव्र देखिन्छ तर पहिचान र सम्बोधनको अवस्था भने देखिँदैन ।

## *सांस्कृतिक सीमान्तीयता*

कुनै जाति वा राष्ट्रको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिविम्बित हुने र तिनका कला कौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप संस्कृति हो । धेरै समयदेखि देश, काल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधनलाई पनि संस्कृतिका रूपमा लिइन्छ । यो कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम हो (बन्धु र अन्य, सम्पा. २०६७, पृ. १२०९) । वर्तमान सन्दर्भमा यिनै मूल्य, मान्यताहरू भत्किँदै गएका छन् । परम्परागत धर्ममाथि प्रहार हुँदै आएको छ र यस्ता पक्षहरू दिनानुदिन सीमान्तीकृत र उपेक्षित भएका छन् । यसको कारण मानवीय जीवन दुर्घटित बन्दै आएको छ । 'बैँसीतिर' कथामा समाजमा समानता, भ्रातृत्व र एकताको भावना विकसित हुनु पर्नेमा समाजका केही वर्ग/पात्रहरूमा 'मै खाऊँ र मैलाऊँ' को भावनाले उग्र रूप लिँदै गएको छ । मानवले मानवलाई हेर्ने दृष्टिकोण विभेदित छ । कथित उच्च वर्गका भनाउँदाहरूले वर्गीय र जातीय रूपमा भिन्न वर्ग/जातिमाथि शोषण गरी उनीहरूलाई बसाइँ सर्न बाध्य पारिएको छ । जङ्गबहादुर साहुको प्रभुत्वको सिकार हर्के घर्तीको परिवार बनेको छ । यस्ता घटनाहरूलाई आधार मान्दा प्रस्तुत कथामा सांस्कृतिक सीमान्तीयता छताछुल्ल भएर पोखिएको देखिन्छ ।

## *वैचारिक सीमान्तीयता*

व्यक्ति वा वर्गका विचार वा भावना फरक फरक हुन्छन् । यिनै विचारमा भिन्नताका कारण सीमान्तीयता देखिन्छ । वर्ग, जाति, उमेर, स्थान आदिका कारण व्यक्ति/समूहका विचारमा भिन्नता पाइन्छ । एउटा विचारले अर्को विचारलाई सम्मान नगर्ने, हेप्ने, पेल्ने र उपेक्षा गर्ने नियतका कारण समाजमा वैचारिक द्वन्द्व हुन्छ । 'बैँसीतिर' कथामा जङ्गबहादुर साहु, उसको छोरो लालबहादुर, गाउँका भलाद्मी, सहरिया ठिटाहरू, चौकीका ठानेदारलगायतले सम्भ्रान्त विचार बोकेका छन् भने

हर्के घर्ती, हर्केकी पत्नी र छोराछोरीले समानता, भ्रातृत्व र मानवतावादी विचार राखेका छन् । जङ्गबहादुरलगायतले बोकेको हैकमवादी विचारअनुसार राज्यसत्ता र विचारधारा (राज्य संयन्त्र) लाई आफ्नो अधीनमा लिई कमजोर वर्गमाथि प्रभुता कायम गर्नुपर्छ भन्ने विचारका साथ अमानवीय कार्य गरिरहेका छन् । यसको विपरीत हर्के घर्तीको परिवारले आफूले लगाएको अन्नपातको उचित ज्याला पाउनु पर्ने, आफ्नो हक, अधिकार सुनिश्चित हुनुपर्ने मान्यता राख्दछन् । साहुकोबाट लिएको साँवा र व्याजको हिसाब सही र यथार्थ हुनुपर्ने साथै सुन्तला लुटिएको र व्याज बढाइएका कारण आफू अन्यायमा परेकाले आफूले न्याय पाउनुपर्ने मान्यता हर्के घर्तीका परिवारको छ । जङ्गबहादुर साहुको अन्याय, अत्याचार र शोषण अति भएको र त्यसलाई सहनभन्दा आफू बैँसी झर्ने विचार हर्के परिवारको छ (मजगैयाँ, २०७३, पृ. ४१) । यसका विपरीत जङ्गबहादुर र उसका भरौटेहरूले थप शोषण गर्न र हर्के परिवार तथा उसकी छोरीलाई सित्तैमा काममा लगाउने जस्ता दुराचार गर्न खोज्छन् । यसर्थ कथामा शोषक र शोषित दुई भिन्न वर्गका दुई भिन्न विचारका बिच द्वन्द्व देखिन्छ । शोषक/सम्भ्रान्त विचारका सामु शोषित/अधीनस्थ विचार सीमान्तीकृत/उपेक्षित बनेको छ । फलस्वरूप हर्केको परिवार साहुको पन्जाबाट फुत्कँदै बैँसी झर्न बाध्य हुन्छ । यसप्रकारको परिस्थिति वैचारिक सीमान्तीयताले उत्पन्न भएको हो भन्न सकिन्छ ।

## 'बैँसीतिर' कथामा प्रयुक्त सीमान्त वर्ग/पात्रको स्थान, प्रभुत्व, प्रतिरोध र आवाज

सीमान्तीयता निरूपणको मूल आधार सीमान्तीय पात्र/वर्गको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध र आवाज हो । 'बैँसीतिर' कथामा हर्के घर्ती, उसकी स्वास्नी, दुई छोरी र छोरा जङ्गबहादुर साहुको प्रभुताका कारण सीमान्त बनेका छन् । आफ्नो छुट्टै घर र जग्गा नभएका कारण हर्के घर्तीका परिवार जङ्गे साहुको अगाडि निरीह र काँतर बन्न विवश छन् । यसको उदाहरण हो- 'जङ्गबहादुर साहुले हर्के घर्तीतिर हेरेर मुसुमुसु हाँस्दै भन्यो- 'क्या हो ए हर्के ! तँ मेरो आसामी होइनस् र भन्या ?', 'हुँ मालिक मैले हैन काँ भनेको छु र' ? (मजगैयाँ, २०७३, पृ. ३७) । यसै गरी जङ्गबहादुर साहुले हर्के घर्तीलाई 'आसामी', 'आफैले पालेको बिरालो' जस्ता आरोप लगाउँछ । एक हजारको ऋण बढाएर दस हजार पुऱ्याउँछ । जङ्गेका छोराले लाठाले सुन्तलाका बोट र हाँगा हानेर भाँचिदिन्छ (पृ. ३६) । फलस्वरूप हर्के जङ्गे साहुको शोषण सहन नसकेर बैँसी झर्न बाध्य हुन्छ । कथामा हर्के परिवारको प्रतिरोधी क्षमता सशक्त देखिन्छ । हर्केकी स्वास्नी जङ्गे साहुका, छोराले जथाभावी सुन्तला टिप्दा 'हात झरुन्' भनेर गाली गर्नु, बैँसी झर्ने बेलामा हर्केका छोराले सुन्तलाका बोट ढलाइदिनु र हर्केले आफ्नो घरमा आगो लगाइ दिनुले प्रतिरोधी भावनाको परिचय दिन्छ (पृ. ४०) । यसो भए तापनि सम्भ्रान्त वर्गको प्रभुताका कारण सीमान्त पात्रका आवाज र प्रतिरोधले

सफलता पाउन सक्दैन । हर्के परिवारको पहिचान र क्षेत्र गुमेको तथा प्रभुताका प्रभावले सीमान्त वर्ग उपेक्षित र किनारीकृत भएको तथ्य कथाका प्रसङ्गले स्पष्ट पार्छ । 'बैँसीतिर' कथामा प्रयुक्त पात्रहरूको वर्ग, पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका नं १**

*'बैँसीतिर' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| हर्के घर्ती | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| हर्केकी पत्नी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| हर्केको छोरा | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| हर्केकी छोरी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| गाउँले | अधीनस्थ | – | – | – | – | – | – | – | + |
| जङ्गे साहु | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| लालबहादुर | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| सहरिया ठिटा | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| प्रहरी | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

तालिका नं १ मा (+) ले छ/हो र (-) ले होइन/छैन अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान, प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्ग/पात्रप्रति रहेको देखिन्छ । लेखकले सीमान्त वर्गको भाषा बोलेका छन् ।

## निष्कर्ष

उत्तमकृष्ण मजगैयाँद्वारा लिखित 'बैँसीतिर' कथा उत्तरआधुनिक चिन्तनअन्तर्गत सीमान्तीय विषयमा आधारित कथा हो । कथामा जङ्गबहादुर साहु, साहुको छोरो लालबहादुर, सहरिया ठिटाहरू, गाउँका भलाद्मी, चौकीका ठानेदार सम्भ्रान्त/शासक वर्गका रूपमा देखिएका

छन् भने हर्के घर्ती, हर्केकी पत्नी र हर्केका छोराछोरी सीमान्तीकृत वर्ग/पात्रका रूपमा देखिन्छन् । उच्च वर्ग भनाउँदाहरूको प्रभुता (हेजेमोनी) का कारण तल्लो /सीमान्त वर्ग कसरी आफ्नो थातथलो छोडेर बैंसी/मुगलान पस्न बाध्य छन् भन्ने यथार्थतालाई कथाले उजागर गरेको छ । सीमान्तीय सिद्धान्तका आधारमा हेर्दा कथामा आर्थिक/वर्गीय, शैक्षिक, लैङ्गिक, वैचारिक, जातिगत, उमेरगत, सांस्कृतिक, वैचारिकलगायत सीमान्तीयता पाउन सकिन्छ । यिनीहरूमध्ये आर्थिक सीमान्तीयता सघन रूपमा देखिन्छ भने कथामा अन्य सीमान्तीयता आर्थिक पक्षसँगै अन्तर्घुलित भएर आएका छन् । कथामा सीमान्तीय पात्र/वर्गको स्थान र पहिचान सुरक्षित छैन । फलस्वरूप यिनीहरूको प्रतिनिधित्व छ; सम्भ्रान्त वर्गको प्रभुता (शक्ति/सत्ता) का विरुद्ध प्रतिरोध क्षमता पनि छ तर सङ्गठनको कमी र सम्भ्रान्त वर्गको प्रभुताका कारण सीमान्त वर्गका आवाज सम्बन्धित पक्षले सुनेको छैन । कथाका सीमान्तीकृत पात्रहरू सदियौँदेखि समाज र राज्यबाट तिरस्कृत, उपेक्षित र किनारीकृत छन् । सीमान्तीकृतका लागि सामाजिक सुरक्षा र समृद्धिका कुरा छोडौँ उल्टै न्यायिक निकायबाट साहुमाराको आरोप लाग्छ । कथामा सीमान्तीय पात्र स्वतन्त्र र स्वाधीन बन्न सकेका छैनन् । कथाकार सीमान्त वर्गका पक्षमा बोलेका छन् भन्ने यस अध्ययनको निष्कर्ष हो । प्रस्तुत कथामा मानवताको ह्रास भएको र सामाजिक न्याय हराएको देखिन्छ । सीमान्त वर्गमा थप सचेतता र विद्रोही भावना नभएसम्म र राज्य तथा समाजका हरेक पक्षमा सीमान्त वर्ग/पात्रप्रति उदार भावनाको विकास नभएसम्म सीमान्त वर्ग/पात्रका हक अधिकार सुनिश्चित हुन कठिन देखिन्छ भन्ने भाव प्रस्तुत कथाको रहेको देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


आचार्य, पुष्पराज, (अनु.) (२०७३). बुद्धिजीवीको निर्माण, एन्टोनियो ग्राम्ची. *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू*, सम्पा. कृष्णचन्द्र शर्मा. नेपाल प्रज्ञा प्रतिष्ठान. पृ. १२५-१३३ ।

ज्ञवाली, शिवशरण. (२०७५). पछबरिया टोल कथामा सीमान्तीयता. *हाम्रो पुरुषार्थ.* वर्ष ४६(२), पृ. ४३-५१ ।

त्रिपाठी, गीता. (२०६७). काँचको गिलास कथाको सीमान्तीय अध्ययन. *कृति विश्लेषण : प्रायोगिक आयाम.* रत्न पुस्तक भण्डार. पृ. १३१-१४४ ।

पाण्डे, हेमलाल. (अनु.). (२०७३). विचारधारा र राज्यका विचारधाराका अङ्गहरू. *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू.* सम्पा.कृष्णचन्द्र शर्मा. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २६१-२८४ ।

पाण्डेय, ताराकान्त. (२०७३). साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन. पृ. ९२-१०४ ।

बन्धु, चूडामणि र अन्य (सम्पा.) (२०६७). *नेपाली बृहत् शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ऋषिराज. (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद. (२०६८). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. रत्न पुस्तक भण्डार ।

मजगैयाँ, उत्तमकृष्ण. (२०७३). बैंसीतिर. *प्रज्ञा आधुनिक नेपाली कथा, भाग ४,* सम्पा. मातृका पोखरेल. इस्माली, लक्ष्मणप्रसाद गौतम. नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३४-४१ ।

शर्मा, मोहनराज. (२०७०). अवरजन अध्ययन र साहित्य. *भृकुटी,* भाग १९, सम्पा. लिखत पाण्डे र अन्य, पृ. ३१५-३२५ ।

शर्मा, विष्णुप्रसाद. (२०७६). उलार कथामा सीमान्तीयता. *प्राज्ञमञ्च,* ३२(*१६*), सम्पा. अक्कलदेव मिश्र र अन्य, पृ. ३५४-३६१ ।

श्रेष्ठ, तारालाल. (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद. (सेप्टेम्बर सन् २०११). केन्द्र बनाम किनारा. *किनारा विमर्श,* सम्पा. मनप्रसाद सुब्बा र रेमिका थापा. गामा प्रकाशन, पृ. १०-२० ।